स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

दिनेश राउतको सोसल-ड्रामा 'पूजार सार्की'पछि अभिनेता पल शाह केवल तामाङको रोमान्टिक-ड्रामा 'मायाका रंगहरु : कलर्स अफ लभ'मा अनुबन्धित भएका छन् । यसै महिना 'मायावी'को छायांकन सकेपछि उनको 'लाइनअप'मा दुई फिल्म जोडिएका हुन् । सोमबार पलले नयाँ फिल्म 'मायाका रंगहरु' साइन गरे । यो फिल्ममा केवल तामाङको निर्माण एवं निर्देशन हुने जनाइएको छ । यो फिल्ममा ६० प्रतिशत फिल्मकर्मी भारत र बाँकी नेपालबाट हुने जनाइएको छ ।

आजको विचार...

सन्तोष गौतम

राष्ट्र...

(दुई पेजमा)

अमेरिकामा सन्तान जन्माउने योजनासहित अभिनेत्री रेखा थापा त्यसतर्फ लागेकी छन् । पति बलराम शाहीसहित उनी शुक्रबार अमेरिका पुगिसकेकी छिन् । शनिबार श्रीमानको जन्मदिन सेलिब्रेसन गरेको तस्वीर अमेरिकाबाटै पोस्ट गरेकी छन् । रेखाले अमेरिकामा 'बेबी प्लान'बारे कुरा गर्दै यसबारे संकेत दिएकी थिइन् । अमेरिकामा 'बेबी प्लान' आफ्नो भन्दा पनि श्रीमानको चाहनामा हुन लागेको उनले बताएकी थिइन् । रेखाका श्रीमानको परिवार त्यहाँ बसोबास गर्दै आएको छ । रेखा अमेरिकामा ५ महिना बस्नेछिन् ।

❐ वर्ष २९ ❐ अंक १३५ ❐ २०८० मंसिर २७ गते बुधबार 13 December 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

मारुनी नाच संरक्षणमा पित्लेक देउराली सामुदायिक 'होमस्टे'

रासस

वालिङ (स्याङ्जा), मंसिर २६/ गाउँमा रहेका वृद्धवृद्धा आफ्ना कलिला नातिनातिनासहित मञ्चमा उपस्थित भएर कार्यक्रम देखाए । उनीहरू आएका पाहुनालाई गुरुङ समुदायमा प्रचलित पोशाकमा विभिन्न साँस्कृतिक नाच प्रस्तुत गर्छन् । वैदेशिक रोजगारी वा सहर झर्ने प्रचलनलाई पाखा लगाउँदै नाति नातिनालाई साथमै लिएर सांस्कृतिक कार्यक्रममार्फत पाहुनालाई मनोरञ्जन प्रदान गर्नु यहाँको विशेषता हो ।

गाउँमा रहेका १८ घरधुरीलाई समेटेर 'पित्लेक देउराली सामुदायिक घरबास 'होमस्टे' सञ्चालन गरेका यहाँका बासिन्दाले आफ्नो भाषाशैली तथा संस्कृतिलाई जोगाइराख्नका लागि नयाँ पुस्तालाई अभिप्रेरित गर्दै आएको घरबास (होमस्टे) का अध्यक्ष भुपेन गुरुङले बताए । 'हाम्रो संस्कार संस्कृतिको संरक्षण त्यतिबेलामात्रै हुन्छ जतिबेला नयाँपुस्तालाई हस्तान्तरण गर्न सकिन्छ', उनले भने, 'नयाँ पुस्तामा संस्कृति हस्तान्तरण गर्नका लागि गाउँमै रहेका ज्येष्ठ बुवाआमाले आफ्ना नातिनातीनालाई प्रशिक्षण दिए, जसको फलस्वरुपससाना भाइबहिनी नाचगान तथा वाद्यवादन गर्नसक्ने भएका छन् ।'

विशेषगरी गुरुङ समुदायमा प्रचलित रहेको मारुनी तथा ख्याली नाँच र त्यसमा प्रयोग हुने बाजा बजाउन युवा पुस्तालाई सिकाउने गरी प्रशिक्षण दिइएको अध्यक्ष गुरुङले बताए । उमेरले चार बीस पुगेका स्थानीय नैनाबहादुर गुरुङ तथा ७१ वर्षीय बौबहादुर गुरुङ आफैं सहभागी भई नातिनातीनालाई मारुनी, ख्याली तथा वाद्यवादन सिकाएका हुन् । गाउँमा आउने पाहुनाहरुलाई अन्य गीत संगीतभन्दा पनि आफ्नै मौलिक कलासंस्कृति प्रदर्शन गर्नसकेमा संस्कृति संरक्षण हुने देखेर प्रशिक्षण गरिएको घरबासका सचिव तिलक गुरुङले बताए । हजुरबुवा, हजुरआमा तथा नातिनातीनाहरु एउटै मञ्चमा उपस्थित भई नाचगान गर्दाको क्षण साँच्चिकै त्यहाँ पुग्ने पाहुनाका लागि निकै मनमोहक र रोमाञ्चक देखिन्थ्यो । एकहत्तर वर्षीय बौबहादुर गुरुङ आफै मादल बजाउँदै बडो फुर्तिलो तरिकाले नाँच्दै नयाँ पुस्तालाई सिकाउँदै गर्दा सहजै अनुमान गर्न सकिन्थ्यो कि संस्कृति संरक्षणमा अन्तरमनैदेखि चासो छ । आफ्ना बाउबाजेबाट सिकेको सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्न सकिएन भने कुनै दिन हाम्रो संस्कृति लोप भएर जानसक्ने भएकाले नयाँ पुस्तालाई मारुनी नाँच संरक्षणमा सहभागी गराइएको बौबहादुर गुरुङले बताए । "मारुनी नाँच रामायण र कृष्ण चरित्र कथामा आधारित रहेर नाँच्ने गरिन्छ", उनले भने, "नयाँ पुस्ताले पनि सक्रियताकासाथ सिकिरहेका छन्, अहिले पाहुनालाई तिनै नाच सांस्कृतिक कार्यक्रममा देखाउने गर्छौं ।"

(...बाँकी अन्तिम पेजमा)

सङ्क्षिप्त समाचार

सेनाको आधार शिविरमा आक्रमणमा २३ को मृत्यु

(रासस/एएफपी)

पाकिस्तान, मंसिर २६/पाकिस्तानी सेनाको आधार शिविरमा मंगलबार भएको आत्मघाती बम आक्रमणमा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ । आक्रमणको जिम्मेवारी पाकिस्तानी तालीवानले लिएको छ । परिचय नखुलाउने शर्तमा एकजना स्थानीय अधिकारीले अफगानिस्तानको सीमा नजिकै खैबर पख्तुन्ख्वा प्रान्तको डेरा स्माइल खान जिल्लास्थित शिविरलाई लक्षित गर्दै बिहानको समयमा आक्रमण भएको बताएका छन् । उनका अनुसार सेनाहरू सुतिरहेको अवस्थामा आक्रमण भएकाले सेनाहरु सिभिल पोसाकमै थिए । अधिकांश मृतक सैन्य कर्मचारी भएको अनुमान गरिएको भए तापनि, मृतकहरूको पहिचान खुल्ने क्रम जारी रहेको छ । विस्फोटक पदार्थले भरिएको गाडीले अस्थायी सैन्य आधारमा आक्रमण गराउदा अन्य २७ जना घाइते भएको समेत बताइएको छ । विस्फोटको कारण शिविरका तीनवटा कोठा भत्किएका छन् भने भग्नावशेषबाट शव निकाल्ने कार्य भइरहेको छ । मृतकको संख्या बढ्ने आकँलन गरिएको छ । बिहानको २:३० मा हमला शुरु गरेको तालीवानसँग सम्बद्ध तेहरिक ए जिहाद समूहले जनाएको छ । सन् २०२१ मा तालिवान सत्तामा फर्किएदेखि पाकिस्तान-अफगानिस्तानका सीमा क्षेत्रमा आक्रमणमा वृद्धि भएको छ ।

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दा :

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं ।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं ।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

आयल निगमका कार्यकारी निर्देशक थानीले दिए राजीनामा

पाल्पा, मंसिर २६/नेपाल आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले राजीनामा दिएका छन् । उनले मंगलबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई राजीनामा बुझाएका हुन् ।

सरकारले २०७८ फागुन २६ गतेको निगमको कार्यकारी निर्देशकमा थानीलाई तीन वर्षका लागि नियुक्त गरेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यकारी छनोट समितिले गोरखाका चण्डिकाप्रसाद भट्ट, तेह्रथुमका जीवनप्रकाश सिटौला र सुर्खेतका थानीको नाम कार्यकारी नियुक्तिका लागि मन्त्रिपरिषद्मा सिफारिस गरेको थियो ।

सिफारिसमा परेका तीन जनामध्ये तत्कालीन शेरबहादुर देउवा मन्त्रिपरिषद्ले थानीलाई निगमको जिम्मेवारी सुम्पिएको थियो । थानीले निगममा एक वर्ष नौ महिना काम गरे ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

लोकतन्त्रको विकल्प नखोजौ

सोंच र हेराईमा परिवर्तन हुनुपर्नेमा त्यो भएको पाइदैन । समस्याहरुको समाधानमा एक्यवद्धता हुनुपर्नेमा त्यसो हुन सकेको छैन । इतिहास भजाएर वर्तमानमा सेवा र सुविधाका कुरा गर्नेहरुले वर्तमान प्रतिको भावना र परिदृश्यलाई परिमार्जन नगरे सम्म मुलुकले नयाँ पिडीलाईसँगै लिएर हिंड्न सक्दैन । त्यस कारण पिडीदर पिडीले इतिहाससँगै वर्तमानको आवश्यकतालाई परिपूर्ति गर्नु नै आजको आवश्यकता हो । दलीय व्यवस्थाको विकल्प भनेकै रुपान्तरित दलीय व्यवस्था नै हो, जसरी लोकतन्त्रमा एउटा सरकार असफल हुँदा अर्को सरकारको परिकल्पना गरिन्छ । त्यसरी नै दलहरुले राम्रो काम गर्न नसक्दा, त्यसको विकल्प अर्को दल हुनुपर्छ । त्यसकारण जुन दलले जसरी कर्म गर्छ त्यसरी फल प्राप्त गर्छ भन्ने कुराको आधारभूत मूल्य र मान्यतालाई परिपूर्ति गर्ने जनता जर्नादन नै लोकतन्त्रका आधारशीला हुन्, तर यहाँ त जनता पनि एक छाक भात र द्रव्यमा आफ्नो मतको मूल्य तोक्ने परिपाटीका कारण लोकतन्त्र प्रतिको वितृष्णा मौलाउँने डर बढ्ेको अवस्था हो ।

सरकारले राम्रो काम नगरेको कुरा राम्रैसंग व्याख्या गर्नेहरुका लागि वैकल्पिक आधारभूत बाटो सरकार परिवर्तनका अवयवहरु नै हुन् । संघीयताको वालापन र संविधानको मूलभूत सिद्धान्तहरु प्रति हुने गरेका अनायासपूर्ण भ्रम छर्ने कामले जनताको कहिल्यै पनि सफलताको बाटो पहिल्याउँन सक्दैन भन्ने कुरामा हामी सबै सचेत हुनुपर्छ । अन्यथा लोकतन्त्र माथिको प्रहारले गर्दा प्राप्त उपलब्धी मै दरार आउँन सक्छ । जनताका आशा र भरोशामाथि कुठाराघाट हुने बाहेक केही पनि हुन सक्दैन । लोकतन्त्रको विकल्प, लोकतान्त्रिक संविधानको सफल कार्यान्वयन बाहेक अरु केही पनि हुन सक्दैन भन्ने कुरा सबैलाई चेतना भया ।

Opinion @ Social Network

केही सम्बन्ध त्यस्ता हुन्छन्, जहाँ शासन चलाउँदा भन्दा शासनमा चल्दा नै रमाइलो लाग्ने गर्छ ।

(कामना पाठकको फेसबुक स्टाटस https://www.facebook.com/kamana.pathak)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

राष्ट्र निर्माणमा देश बाहिरको राष्ट्र नछुटोस्

सन्तोष गौतम

हामी बाँचिरहेको युग गतिशील छ । सम्भावना नै सम्भावनाहरूको वर्तमान समयमा हरेक देशका नागरिक आफ्नो बहुआयामिक रूपान्तरणको प्रयासमा विश्वका कुनाकाप्चामा पुगेको अवस्था छ । हेजल मार्कस् र पाउला न्युरियसको अनुसन्धानमूलक पुस्तक 'पोसिबल सेल्भ्स्' को अवधारणामा व्यक्त भए जस्तै व्यक्तिमा के बन्ने सम्भावना छ, के बन्न चाहन्छ र के बन्ने भय छ लगायत कुराहरूले उसलाई डोऱ्याउने गर्दछ । मान्छे सम्भावनाको गगनमा विचरण गर्ने र उपलब्धिका नयाँ उचाइहरू प्राप्त गर्ने दिशामा सधैं अग्रसर रहन्छ । त्यसैले मान्छे तिनै 'पोसिबल सेल्भ्स्'का सम्भावनाहरूलाई पछ्याउँदै वृद्धिका धेरैभन्दा धेरै अवसरहरूको खोजीमा विश्वका विभिन्न भूभागमा पुग्ने गर्दछ । भूमण्डलीकरणको वर्तमान युगमा यो एक युगीन वास्तविकता भइसकेको छ तर यसको बढी मारमा विकासशील राष्ट्रहरू परिरहेका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्कले आर्थिक वर्ष २०६४/६५ मा २ लाख ४ हजार, २०७१/७२ मा ६ लाख ९३ हजार र २०७९/८० मा ७ लाख ७५ हजार ३२७ जनाले कामको लागि देश छोडेको कहालीलाग्दो यथार्थ देखाउँछ । प्रत्येक दिन वैदेशिक अध्ययनका लागि एनओसी लिनेको बढ्दो भीड, त्रिभुवन विमानस्थलबाट बाहिरिने युवाको हुल अनि कन्सल्टेन्सीहरूमा देखिने विद्यार्थीको चाप सबैले भौतिक रूपमा देश रित्तिँदै गएको विडम्बनापूर्ण चित्र प्रस्तुत गर्दछन् । ११/१२ कक्षामा पढ्ने विद्यार्थीमा अलिकति सर्वेक्षण गरौं त लगभग सबैको चाहना बाहिर जाने नै देखिन्छ । गहन रणनैतिक तथा सुझबुझपूर्ण प्रयास नगर्ने हो भने देश गम्भीर संकटको भुमरीमा फस्ने निश्चित छ ।

ब्रेन ड्रेन होइन, ब्रेन सर्कुलेसन

भूमण्डलीकरणको युग वास्तवमा रिसोर्स सर्कुलेसन (स्रोत सञ्चार) र ब्रेन सर्कुलेसन (प्रतिभा सञ्चार) को युग हो । यो युगमा कुनै पनि राष्ट्रका प्राकृतिक र मानवीय स्रोत साधनहरू केवल त्यसै राष्ट्रका सम्पदाको रूपमा मात्र सीमित रहने स्थिति छैन । कच्चा पदार्थको रूपमा निर्यात गरिएका प्राकृतिक स्रोत तथा साधनहरू प्रशोधित औद्योगिक उत्पादनको रूपमा आयात हुने गर्छन् ।

त्यसैगरी मानव स्रोतको पनि एक देशबाट अर्को देशमा आवतजावत र बसाइसराइ नियमित रूपमा हुने गर्दछ । यही नियमित अनि स्वतस्फूर्त रूपमा हुने मानवस्रोतको आवतजावत र बसाइसराइ नै ब्रेन सर्कुलेसन हो । अर्थात् कुनै राष्ट्रबाट बाहिरिएका अदक्ष, अर्धदक्ष वा दक्ष जनशक्ति थप ज्ञान, क्षमता, दक्षता र सुझबुझका साथ राष्ट्रिय स्वार्थसँग जोडिनु ब्रेन सर्कुलेसनको एक उदाहरण हो र यसका बहुआयामिक र बहुक्षेत्रीय फाइदा छन् । यो एउटा युगीन वास्तविकता पनि हो । त्यसैले अहिले सीमित भूगोलभित्र रहेको जनसंख्यालाई मात्र सम्बोधन गर्ने राज्यका नीति, योजना र कार्यक्रम पूर्ण हुनसक्दैन । सीमा बाहिरको राष्ट्रलाई नजरअन्दाज गर्ने भुल कुनै पनि सरकारले गर्न मिल्दैन । सम्भावना र समस्या दुवै सवालमा भूगोल बाहिरको राष्ट्रलाई भूगोलभित्रको राष्ट्रलाई जत्तिकै महत्व दिएर मात्र राष्ट्रनिर्माणको प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकिन्छ । अहिले कुनै राष्ट्रले चाहेर पनि आफ्ना नागरिकहरूलाई आफ्नै भूगोलभित्र मात्र सीमित गरेर राख्न सक्ने स्थिति छैन । अन्तरदेशीय आवागमन र बसाइसराइ नियमित प्रक्रिया भइसकेका छन् । सूचना र सञ्चारको चरम विकासले गर्दा विश्व परिवेशमा आफ्नो अस्तित्व र सम्भाव्यताको राम्रो आकलन गर्न सक्ने अवस्थामा मानिस पुगेका छन् । सम्भावनाका द्वारहरू अनेक दिशाबाट खुल्न सक्ने वर्तमान युगमा आफ्ना आकांक्षालाई निमोठेर सपनाको बलि चढाउन र आफूलाई कुनै सीमित भूगोलको बन्धक बनाउन मान्छे चाहँदैन । राज्यका सीमाभित्र वा बाहिर रहेर हरेक सचेत व्यक्ति विश्वव्यापी सम्भावनाहरूको खोजीमा निरन्तर तल्लीन रहन्छ । अनि कुनै पनि देशका नागरिकको पहिचानसँग त्यो देशको राष्ट्रिय पहिचान पनि गाँसिएको हुनाले देशका नागरिकहरू सम्भावनाको गगनमा विचरण गर्ने कुरा त्यो देशको राष्ट्रिय स्वार्थको दृष्टिले पनि स्वागतयोग्य हो ।

विभिन्न देशका दृष्टान्त

विश्वका ब्रेन गेनका उल्लेखनीय उदाहरणहरू हेर्दा चीनमा केन्द्रीय सरकारका नीतिहरूले ब्रेन गेनमा महत्वपूर्ण भूमिका निभाएको देखिन्छ । घरेलु वातावरणमा परिवर्तन, अरु देशमा जान आउनमा स्वतन्त्रता, राजनैतिक स्थिरता, सरकारको मानव स्रोत उपयोग नीति, देश फर्केपछिको उच्च सामाजिक हैसियत, पेशागत अवसरहरू र राष्ट्रियताको भावनाले प्रवासी चिनियाँहरूलाई स्वदेश फर्काउनमा योगदान दिएको पाइन्छ भने दक्षिण कोरियामा सरकारले संगठित प्रयास गरी उपयुक्त र सहज वातावरण निर्माण गर्ने अनि फिर्ता भएकाहरूको सम्मान र सशक्तीकरण गर्ने कार्यहरू अगाडि बढाएको पाइन्छ । त्यस्तै ताइवानले शक्ति सम्पन्न राष्ट्रिय युवा आयोग जस्ता निकायहरू गठन गरी यो कार्यलाई तीव्रता दिएको देखिन्छ । साथै स्वदेशमा रहेका उच्च शिक्षासँग सम्बन्धित संस्थाहरूको सशक्तीकरण गर्ने र बाहिर रहेका विज्ञहरूलाई स्वदेश फर्कन वा स्वदेशको विकासमा योगदान दिन प्रेरित गर्ने नीति लिएको थियो । त्यस्तै मेक्सिकोले विज्ञान र अनुसन्धानको सहयोगको लागि राष्ट्रिय कार्यक्रमद्वारा घरेलु शैक्षिक बजारको अन्तर्राष्ट्रियकरण गर्ने नीति लियो । यसको उद्देश्य विदेशमा पढेका मेक्सिकन वैज्ञानिकहरूलाई फिर्ता ल्याउने थियो । यसमा उनीहरू सफल पनि भए । अफ्रिकाले विदेशमा पढेका विद्यार्थीलाई फिर्ता ल्याउन ती देशहरूसँग विद्यार्थीले अध्ययन पूरा गरेपछि अनिवार्य रूपमा स्वदेश फिर्ता हुनुपर्ने सम्झौता गरेको थियो । तसर्थ आफ्ना नागरिकहरूलाई देशभित्रै सम्भव भएसम्म अवसरहरू उपलब्ध गराउनुका अलावा भूगोलका विभिन्न भागमा रहेका आफ्ना नागरिकहरूलाई सरकारका विभिन्न नीति र कार्यक्रमद्वारा समेटेर उनीहरूका सवालहरूको सम्बोधन गर्ने र ज्ञान, सीप र पूँजीलाई राष्ट्रहितमा उपयोग गर्ने नीति विश्वका धेरै देशले लिएको देखिन्छ । चीन, भारत, ताइवान, मेक्सिको, दक्षिणकोरिया, दक्षिण अफ्रिका लगायत देशहरूले विगतदेखि प्रतिभा प्राप्ति र सदुपयोगका लागि अवलम्बन गरेका नीति र कार्यक्रमहरू धेरै हदसम्म सफल प्रमाणित भए । यी देशहरूले व्यवसायमैत्री नीतिहरूको प्रवर्धनद्वारा उद्यमीहरूलाई देशमै रहन र प्रवासमा रहेकालाई स्वदेश फर्कन प्रेरित गर्ने प्रयास गरे र ती प्रयासहरू परिणाममुखी समेत रहे ।

समग्रमा प्रवासी विज्ञहरूसँग नेटवर्किङ गर्ने, आकर्षक सुविधाहरू प्रस्ताव गरी स्वदेश फर्किन आह्वान गर्ने, प्रवासी विज्ञहरूको डेटाबेस तयार र व्यवस्थापन गर्ने र देशमा रहेका आकर्षक अवसरहरूबारे जानकारी विश्वका कुनाकाप्चामा रहेका विज्ञहरू समक्ष पुऱ्याउने अनि स्वदेश आगमनमा विविध छुटहरू उपलब्ध गराउने लगायत कदमहरू यी देशहरूले चालेको देखिन्छ । त्यसैगरी आफ्नो उच्च शिक्षाको सबलीकरण गर्ने तथा बाहिर रहेका प्रतिभाहरूलाई या त फर्काउने या कुनै न कुनै हिसाबले राष्ट्रहितसँग जोड्ने नीति यी देशहरूले लिएको देखिन्छ । यी राष्ट्रहरूको अध्ययन गर्दा फर्कन चाहनेहरूले प्राप्त गर्ने अवसर र सुविधाहरूका अलावा ती प्रतिभाहरू बारेको नकारात्मक प्रतिक्रिया, उनीहरूले भोग्ने विपरीत सांस्कृतिक आघात (रिभर्स कल्चरल शक), अन्तर-सांस्कृतिक समायोजन (क्रस कल्चरल रि-एडजस्टमेन्ट) मा समस्या, अपूर्ण आकांक्षाहरू लगायत सवालहरूले पनि उनीहरूको स्वदेश फिर्तीमा प्रभाव पारेको देखिन्छ ।

हाम्रो आगामी बाटो

शिक्षाको सान्दर्भिकता र प्रभावकारिताको प्रश्न र शिक्षापछिको अवसरको पहुँचमा जटिलताले हाम्रो स्थानीय तहबाट केन्द्रतर्फ तथा देशबाट अन्य देशतर्फ युवा अनि युवाका साथमा सम्पूर्ण परिवारकै पलायन भएको अवस्था यथार्थमै सोचनीय छ । आज भौतिक पूर्वाधारको यथेष्ट प्रबन्ध हुँदा समेत हाम्रा गाउँठाउँले किन स्थानीय बासिन्दालाई त्यहाँ अडाउन सकेनन् ? विगतका हराभरा गाउँहरू आज सीमित नै भए पनि भौतिक विकासका बावजुद किन उजाड र मानवविहीन बन्दैछन् ? सरोकारवाला सबैले आ-आफ्नो जिम्मेवारी र भूमिकाको निर्मम मूल्यांकन गर्नुपर्छ कि पर्दैन ? स्थानीय तहदेखि समग्र राज्य अब यही प्रतिभा पलायन भनिएको चुनौतीलाई प्रतिभा सञ्चार वा ब्रेन सर्कुलेसनको रूपमा सदुपयोग गर्ने नीति लिनुपर्छ कि पर्दैन ? रित्तिँदै गरेका गाउँबस्तीलाई थप उजाडिन दिने कि ब्रेन सर्कुलेसनको नीति प्रभावकारी रूपमा लागू गरेर बाहिरिएका नागरिकहरूलाई योजनाबद्ध रूपमा देश र गाउँबस्तीसँग जोड्ने ? स्थिर राजनैतिक प्रणाली व्यवस्थित गरी युवाहरूका आकांक्षाको अध्ययन गर्न र त्यसको सम्बोधन गर्न दिगो र योजनाबद्ध प्रयास गर्नु आवश्यक छ । राज्यको विश्वसनीयता बढाउने नीति तथा योजनाहरू निर्माण गरी लागू गर्नेतर्फ विलम्ब नगरी लाग्नु आजको आवश्यकता हो । प्रवासी नेपालीलाई भौतिक रूपमा टाढा रहे पनि आत्मीय रूपमा देशसँग जोडिने वातावरण बनाउनु आवश्यक छ ।

प्रवासी नेपालीको तथ्यांक संकलन गरी उनीहरूसँग रहेको ज्ञान, सीप, पूँजी, प्रतिभा र सञ्जाललाई राज्यसँग जोड्ने दिगो र प्रभावकारी नीति बनाई कार्यान्वयन गर्न विलम्ब गर्नुहुँदैन । आजको दिनमा प्रवासी र स्वदेशी नागरिकका बीचमा सहकार्य र समन्वयले मात्र देश बन्न सक्छ र राज्यका नीति बनाउँदा यो कुरालाई नजरअन्दाज गरेमा हाम्रा प्रयासहरू पूर्ण र परिणाममुखी हुन सक्दैनन् । यसर्थ राज्यको भौगोलिक सीमा बाहिरको राष्ट्रमा पनि सरकारको उपस्थिति सशक्त हुनु आवश्यक छ । राज्यका नीति, योजना र कार्यक्रमहरूमा गैरआवासीय नागरिकहरूका सरोकारका विषय सम्बोधन गर्न सरकारले तत्परता देखाउनुपर्दछ । तब मात्र ब्रेन सर्कुलेसन प्रभावकारी भई त्यसबाट देशले लाभ लिन सक्छ । होइन भने भौगोलिक रूपमा टाढा रहेका प्रतिभाहरू भावनात्मक रूपमा पनि टाढा हुन पुग्दछन् । हृदयमा रहेको राष्ट्रप्रेमको बीउ अंकुराउने, हुर्कने र फल दिने काम तब मात्र सम्भव छ जब सरकारले उनीहरूलाई उपयुक्त मलजल र संरक्षण प्रदान गर्दछ । अन्यथा हृदय र नसा-नसामा रहेको राष्ट्रियता निमिट्यान्न नभए पनि सुषुप्त भने हुन पुग्छ । अर्कोतर्फ मान्छेमा स्वाभाविक रूपमै विभिन्न हिसाबले टाढा रहेका आत्मीयजन, भूगोल र परिवेशसँग जोडिने आकांक्षा हुने गर्दछ । त्यो भावनाको उचित कदर गर्ने कुरामा राज्यले कुनै कसर बाँकी राख्नुहुँदैन । केही सवालहरू हाम्रो देशले पनि सम्बोधन गरेको छ । अब योजनाबद्ध रूपमा उनीहरूलाई राष्ट्रहितसँग जोड्नु आवश्यक छ । हरेक प्रवासी नागरिक देशका अनौपचारिक राजदूतहरू बन्न सकून् ।

-अनलाइन खबर डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : सफलताले हौसला जगाउनेछ पछिका लागि विशेष काममा मौका छ ।
वृष : शुभचिन्तकहरूले साथ दिनेछन्। राम्रै उपलब्धि दिलाउनेछ ।
मिथुन : हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ ।
कर्कट : सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् ।
सिंह : मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सम्मान प्राप्त हुनेछ ।
कन्या : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।
तुला : भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ ।
वृश्चिक : आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ ।
धनु : कामको सन्दर्भमा प्रतिष्ठितहरु सँग सहकार्य गर्ने अवसर जुट्नेछ ।
मकर : चुनौतीहरू स्वतः हट्नेछन् भने सफलताले पछ्याउनेछन् ।
कुम्भ : गोप्य सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ ।
मीन : दिन लाभदायक र मनोरञ्जनपूर्ण र हुँन्छ । रमाइलो भेटघाट हुँन्छ ।

म्युजिक भिडियो निर्माण ९० प्रतिशतले घट्यो, के हो कारण ?

पछिल्लो समय म्युजिक भिडियोको निर्माण र रेकर्डिङमा ठूलो परिमाणमा गिरावट आएको छ । केही वर्षदेखि नै म्युजिक भिडियो निर्माणमा कमी आएको हो । यो वर्ष म्युजिक भिडियोको सिजन मानिने दसैँ र त्यसपछि पनि खासै धेरै काम नभएको निर्देशक निकेश खड्का बताउँछन् । "यो वर्ष म्युजिक भिडियोको धेरै काम हुने समय दसैँमा पनि गर्त वर्षहरूमा जस्तो धेरै भिडियो बनेनन्," निकेश भन्छन्, "त्यो समयदेखि अहिलेसम्म नै अवस्था उस्तै छ । अरू समय जति भिडियो बन्थे, त्यति बनिरहेका छैनन् ।" म्युजिक भिडियो मात्र नभएर समग्रमा स्टुडियोमा गीत रेकर्डिङ नै निकै कम भएको उनले अनुभव गरेका छन् । "ठ्याक्कै तथ्यांक नै त छैन, तर मेरो विचारमा म्युजिक भिडियो निर्माणमा अनपेक्षित रूपमा कमी आएको छ । यसको कारण गीत रेकर्डिङमा कमी आउनु पनि एक हो," उनी भन्छन्, "ठ्याक्कै यही कारणले कमी आयो भन्ने त छैन, तर आर्थिक मन्दी नै मुख्य कारण भएको सबैले बताउने गरेका छन् ।"

प्राय: नेपाली गीत-संगीतमा विदेशमा रहेका नेपालीले लगानी गर्दै आएको निकेश बताउँछन् । तर, अहिले उनीहरूले लगानीका निम्ति पैसा नपठाएको उनको अनुभव छ । गीत-संगीत र म्युजिक भिडियो निर्माणका निम्ति ठूलो रकम विदेशबाट आउँथ्यो । अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत, हङकङ, जापान लगायत देशबाट गीत र भिडियो निर्माण गर्न लगानी (पैसा) आउँथ्यो । तर, अहिले ती देशबाट लगानी आउन उल्लेख्य रूपमा कमी आएको निकेश बताउँछन् । विदेशमा रहेका नेपाली जो गीत लेख्छन्, उनीहरूले नै प्राय: रेकर्डिङ र म्युजिक भिडियोका निम्ति लगानी गर्दै आएका छन् । तर, उनीहरूले नै लगानी कम गरेपछि म्युजिक भिडियो निर्माणमा अनपेक्षित रूपमा कमी आएको निकेशको अनुभव छ । ठूलो परिमाणमा लगानी हुने गीतको आम्दानीको प्रत्यक्ष स्रोत केही वर्षयता युट्युबबाट आउने रेभिन्यु नै हो । तर, यसबाट लगानी उठ्ने सम्भावना करिब-करिब शून्यजस्तै रहेको बताउँदै निर्देशक निकेश भन्छन्, "अहिले गीतले युट्युबबाट लगानी उठाउने भनेको अपवाद मात्रै हो । त्यसैले घाटा हुने भएपछि लगानीकर्ताले रिस्क लिँदैनन् ।" लगातार घाटा र रिटर्न्स कतैबाट नहुँदा लगानी गर्न छोडेको हुन सक्ने उनको भनाइ छ । "एउटै व्यक्तिले चार/पाँचवटा भिडियोमा लगानी गर्दा पनि त्यसको लगानी उठ्न नसकेपछि लगानीकर्ता निराश भएको पाइन्छ," निकेश भन्छन्, "नाम र दाम दुवै नभएपछि अपेक्षा पूरा नहुँदा लगानी गर्नेले हात झिक्न थालेको हुनसक्छ ।" म्युजिक भिडियो निर्देशक शान थापा कोरोना र आर्थिक मन्दीको समयमा भन्दा पनि अहिले निकै कम म्युजिक भिडियो बनाइएको बताउँछन् । शान महिनामा आठदेखि १० म्युजिक भिडियो निर्देशन गर्थे । अहिले त्यो संख्या तीनदेखि चार मात्र हुने गरको उनी बताउँछन् । "मलाई त ९० प्रतिशतभन्दा कम भएजस्तो लाग्छ," उनी भन्छन्, "दसैँतिहार सकिएपछिको समय म्युजिक भिडियोको सिजन हो । तर, अहिले सिजनमै काम छैन ।"

सिजनमा म्युजिक भिडियो छायांकनका निम्ति अनामनगरबाट दैनिक ६० गाडीसम्म छुट्ने गरेकामा अहिले यो संख्या तीन/चारवटामा झरेको उनको भनाइ छ । दसैँअगाडिदेखि अनपेक्षित रूपमा खस्किएको बजार अहिलेसम्म लयमा नफर्किएको निर्देशक शान बताउँछन् । म्युजिक भिडियो कम निर्माण गरिनुमा थुप्रै कारण रहेको उनको अनुभव छ । आर्थिक मन्दी र युट्युबको न्यून रिटर्न्स पनि एउटा कारण रहेको उनी बताउँछन् । विश्व नै आर्थिक मन्दीबाट गुज्रिरहेका कारण युट्युबमा विज्ञापनमा कमी आउँदा त्यसको प्रभाव नेपाली सांगीतिक क्षेत्रमा समेत परेको उनको निष्कर्ष छ । "युट्युबका सामग्रीमा आउने विज्ञापन नै अहिले विश्वमा देखिएको आर्थिक मन्दीका कारण कमी आएको छ । युट्युबमा यसै पनि विज्ञापनमा कमी आएको छ, त्यसमा पनि ग्लोलब विज्ञापन रिजनल रूपमा बाँडिँदै आउँदा नेपालमा धेरै आइपुग्दैन," शान भन्छन् । युट्युबबाट हुने आम्दानी अहिले ६० देखि ७० प्रतिशत घटेको उनको दाबी छ । म्युजिक भिडियोमा लगानी गरेर युट्युबबाट पैसा उठाउँछु भन्ने अवस्था अहिले करिब शून्यजस्तै रहेको उनी बताउँछन् । "युट्युबबाट राम्रो आम्दानी हुँदा औसतमा एक करोड भ्युज जाँदा तीनदेखि चार लाखसम्म आउँथ्यो । तर, अहिले एक करोड भ्युज जाँदा ५० हजार पनि रिटर्न्स आउँदैन," शान भन्छन्, "भ्युज जाँदा पनि युट्युबबाट रिटर्न्स नहुने भएपछि लगानीकर्ताले लगानी नगरेका हुन् । आम्दानी नै नहुने भएपछि लगानीकर्ता आकर्षित हुने कुरा पनि भएन ।" टिकटक बन्द भएपछि युट्युब भिडियोमा लगानी हुन्छ कि भन्ने अपेक्षा धेरैको रहेको उनी बताउँछन् । टिकटक हुँदा त्यसमै गीतको अधिकांश क्लिप हेर्ने भएकाले अब युट्युबमा दर्शक सिधैँ जान्छन् कि भन्ने अनुमान रहेको उनको भनाइ छ । यद्यपि, राम्रा गीत टिकटकबाटै नोटिस पनि हुने गरेका थिए । टिकटकमा क्लिप्स लोकप्रिय भएपछि कतिपय दर्शक युट्युबको लिंक खोजेर पूरै गीत हेर्थे । युट्युबजस्तै आम्दानी गर्न सकिने अरू थुप्रै भिडियो प्लेटफर्म रहेको तर त्यसबारे धेरैलाई जानकारी नै नरहेको शान बताउँछन् । "युट्युबजस्तै रिटर्न्स आउने अरू थुप्रै भिडियो प्लेटफर्म छन् । तर, त्यसबारे अहिले ५० प्रतिशत गायक/गायिका तथा भिडियो लगानीकर्तालाई थाहा छैन," उनी भन्छन्, "अरू प्लेटफर्म पनि छन्, जसबाट आम्दानी गर्न सकिन्छ भन्ने जानकारी धेरैलाई भएपछि म्युजिक भिडियोमा लगानी पुन: बढ्न सक्छ ।" क्वालिटी म्युजिक नआउनु अथवा तुलनात्मक रूपमा कम आउनु पनि म्युजिक भिडियो थोरै बनाइनु र गीत नै न्यून रेकर्डिङ गरिनुको अर्को कारण भएको उनको निष्कर्ष छ । "मोबाइल वा साधारण क्यामेरा लिएर एकजना मेकअप आर्टिस्ट लिएर चारजनाले आफैँ खिचेको भिडियोमा अवश्य पनि क्वालिटी कम हुन्छ । त्यसरी खिचिएका भिडियो पनि त्यही युट्युबमा अपलोड हुने हो, दशौँ लाख रुपैयाँ खर्चिएर बनाइएका भिडियो पनि त्यही प्लेटफर्ममा राख्ने हो," शान भन्छन्, "यसले क्वालिटी म्युजिक र भिडियो दुवैमा कम मिहिनेत गर्ने देखिइसकेको छ । यसले नकारात्मक असर सांगीतिक क्षेत्रमा पर्न थालिसकेको छ ।"

एउटा गीतको म्युजिक भिडियो निर्माणमा कम्तीमा १८ देखि २० जनाको युनिट चाहिन्छ । लभ सङ र कोरस डान्स हुने गीत करिब ५०/५० प्रतिशतको संख्यामा निर्माण गरिन्थ्यो । "कोरस समेत राखिने गीतमा अरू २० देखि २५ जना युनिटमा थपिन्थे," शान भन्छन्, "यसरी दैनिक करिब दुई हजारभन्दा धेरैले म्युजिक भिडियोमा मात्रै रोजगारी पाउँथे । अहिले प्राविधिकले काम पाउने अवस्था छैन ।" रेकर्डिङ स्टुडियो म्युजिक बैंक नेपालकी सञ्चालक समेत रहेकी गायिका राधिका हमाल पछिल्लो समय गीत-संगीतको रेकर्डिङ घटेको बताउँछिन् । आर्थिक मन्दीको असर सांगीतिक क्षेत्रमा पनि परेको उनको भनाइ छ । राधिका यसलाई स्वाभाविक भन्छिन् । "अरू क्षेत्रमा जसरी आर्थिक मन्दीको असर परेको छ, त्यस्तै यो क्षेत्रमा पनि परेको छ । त्यसमा पनि मनोरञ्जन गाँस, बास र कपासपछि आउने कुरा भयो," राधिका अगाडि थप्छिन्, "समग्र क्षेत्रमा प्रभाव परेजस्तै सांगीतिक क्षेत्रमा पनि परेको छ, यसर्थ यो स्वाभाविक पनि हो ।" पहिला घरजग्गा, विदेशलगायत विभिन्न क्षेत्रबाट रेकर्डिङमा लगानी गरिएको उनी स्मरण गर्छिन् । अहिले त्यताबाट लगानी कम भएको राधिका बताउँछिन् । "अहिले काम छैन । अवस्था बिग्रियो भन्नुभन्दा पनि राम्रो-राम्रो सिर्जना गरेर लगानी तान्ने वातावरण सर्जक आफैँले बनाउनुपर्‍यो," उनी भन्छिन्, "काम छैन भनेर भन्नुभन्दा पनि राम्रो सिर्जनाका लागि प्रयास गर्नुपर्छ । कहिले धेरै काम हुन्छ, कहिले कम हुन्छ, यो स्वाभाविक हो ।" स्टुडियोमा ठूलो लगानी गरेका सञ्चालकलाई रेकर्डिङ कम हुँदा समस्या भने भएको राधिका बताउँछिन् ।

-बाह्रखरी डटकम

सिमोनको अनुभव– 'अरुको अभिनय हेर्दा सजिलो, आफैंले गर्दा गाह्रो हुने रैछ'

नेपाली फिल्ममा नयाँ अनुहारको प्रवेश बढिरहेको समयमा यही मंसिर २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दुई कदम'बाट अभिनेतामा इओन लिम्बु र अभिनेत्रीमा सिमोन गिरीले डेब्यू गरेका छन् । फिल्मको कथा नै उनीहरुमा केन्द्रित छ । पहिलो फिल्म भएकाले दुवैमा दर्शकको प्रतिक्रिया कस्तो आउँछ भन्ने कुराले राम्रै डर पैदा गरिरहेको छ । तर पनि उनीहरु उत्साहित देखिन्छन् । सिमोनलाई बाल्यकालदेखि नै अभिनयप्रति ठूलो रुचि थियो । पर्दामा अरु कलाकारको अभिनय देख्दा उनमा पनि हुटहुटी जाग्थ्यो । फिल्ममा डेब्यू गर्नुअघि अभिनय सजिलो हुन्छ भन्ने उनको बुझाई रहेछ । तर, आफैंले काम गरेपछि उनको अनुभव फरक रह्यो । सोचेकोजस्तो सजिलो आफैंले अभिनय गर्दा नहुने उनी बताउँछिन् । अहिले उनले अभिनय गर्नु गाह्रो काम हो भन्ने बुझेकी छन् ।

उनले सञ्चारकर्मीसँग एक भेटमा भनेकी छन्, 'पर्दामा अरुको अभिनय हेर्दा र आफैंले गर्दा फरक अनुभव हुने रहेछ । पर्दामा अरु कलाकारलाई हेर्दा म पनि अभिनय गर्न सकिहाल्छु नि भन्ने लाग्थ्यो । तर, अभिनय अरुको हेर्दा जति सजिलो हुन्छ, आफैंले गर्दा गाह्रो हुने रैछ । अनि, मैले अर्को बुझेको कुरा भनेको चाहिँ फिल्म टिमवर्क रहेछ । सबैको मिहिनेतले मात्र फिल्म राम्रो बन्ने रहेछ ।' पहिलो फिल्म भएकाले उनी 'दुई कदम' आफ्नो लागि एकदमै विशेष मान्छिन् । 'यो फिल्मबाट मेरो एउटा सपना पूरा भएको छ । यही फिल्मबाट मैले धेरै कुरा सिक्न पाएकी छु । र, करिअरलाई अगाडि बढाउन यो फिल्मले ठूलो मद्दत गर्छ भन्नेमा विश्वस्त छु,' उनले भनेकी छन् । स्वस्तिमा खड्का र प्रियंका कार्कीबाट प्रभावित रहेकी उनले अब अभिनयमै सक्रिय हुने अठोट लिएकी छन् । इओन भने 'दुई कदम'लाई युवापुस्ताको प्रेमकथा भन्न रुचाउँछन् ।

'फिल्मको जनरा लभस्टोरी हो । शहरीया वातावरणमा हुर्किएका युवापुस्ताको प्रेमकथामा फिल्म बनेको छ । फिल्ममा कमेडी र एक्सन पनि छ । पूर्वदेखि पश्चिमसम्मका रमणीय दृश्यहरु पनि छन् । भेट्रान कलाकारहरुको पनि छुट्टै फ्लेवर छ । समग्रमा एउटा राम्रो पारिवारिक फिल्म बनेको छ भन्ने मलाई लाग्छ,' लिम्बुले भने । उदय सुब्बा निर्देशित फिल्ममा इओन र सिमोनको साथै सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा, गौरव पहारी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जिवन लिम्बु, चन्दा दाहाल, प्रितिका शर्माको पनि अभिनय रहेको छ । अजम्बरी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा तारा देवी लिम्बुको एकल लगानी रहेको छ । फिल्मलाई विक्रम डिसीले छायांकन गरेका हुन् ।

-फिल्मी खबर डटकम

मौलिक भाका संरक्षणमा आमा समूहको सक्रियता

मौलिक कला, संस्कृति र गीत संगीतमा बागलुङ धनी मानिन्छ । यहाँका गाउँगाउँमा मौलिकता बोकेका गीत संगीत गुञ्जिने गरे पनि हिजोआज सुनिन छोडेका छन् । आदिवासी जनजात समुदायको बाक्लो बस्ती भएको ठाउँमा फाट्टफुट्ट मौलिक गीत सुनिने गरे पनि अन्य ठाउँमा खासै पाइँदैन । बागलुङको जैमिनी नगरपालिका-३ दमेककी टीकादेवी क्षेत्री ६५ वर्षकी भइन् । यो उमेरमा पनि उनी गीत गाउने र रमाइलो गर्ने निकै रुचि राख्छिन् । बुढ्यौली लागे पनि टीकादेवीलाई पुराना भाका गाउन कुनै समस्या छैन । मेला, पर्व र गाउँमा लाग्ने महोत्सवमा अहिले पनि उनी गीत गाउन हिँड्छिन् । खास गरी उनले बिना सालैजोको ठाडी भाका, यानीमाया, सुनिमाया र झ्याउरे गीत गाउने गरेकी छन् ।

पछिल्लो समय नयाँपुस्ताले आधुनिक र विदेशी गीतसंगीतप्रति चासो दिँदा मौलिक लोकभाका हराउँदै गएको जनाउँदै उनले चिन्ता व्यक्त गरिन् । पुराना मौलिक लोकभाकालाई संरक्षण गर्न टीकादेवीको नेतृत्वमा महिला आमा समूहनै सक्रिय भएका छन् । गाउँमा सिर्जना आमा समूहमार्फत मौलिक गीतसंगीतको जगेर्ना भइरहेको छ । बूढापाकाले जानेबुझेका र गाउँदै आएका पुराना गीत संगीत नयाँपुस्तालाई सिकाउने प्रयास उनीहरूले गर्न थालेका छन् । धेरै लोकभाका हराउँदै गएपछि सिर्जना महिला आमा समूह सक्रियरूपमा यसको संरक्षणमा लागेका हुन् । गाउँमा हुने हरेक सार्वजनिक कार्यक्रम तथा परम्परागत चाडपर्वमा युवापुस्तालाई सँगै राखेर उनीहरूले गीत गाउने गरेका छन्। युवा गाउँ छोडेर विदेश तथा बजार झर्न थालेपछि सिक्ने मान्छेसमेत हराउँदै गएका छन् । अहिले बजारमा आउने आधुनिक, न्याप, हिन्दी र अंग्रेजी गीतका कारण वर्षौं पुरानो मौलिक गीत लोपोन्मुख हुँदै गएको टीकादेवीले बताइन् । पुराना गीत नसिकेसम्म गाउन नसकिने उनी बताउँछिन् । गीतको राग र तालको भाव बुझेर टुक्कालाई पूर्णता: दिनुपर्ने हुँदा यो ठाडी भाका गाउन कठिन हुने क्षेत्रीले बताइन् । मेला, महोत्सव तथा विभिन्न कार्यक्रममा यस्ता भाका गाउने चलन रहेको उनी बताउँछिन् । अर्म, पर्म लाग्दा, घाँस दाउरा गर्दा, मेलापात जाँदा र लामो दूरीको यात्रा गर्दा मनोरञ्जनको माध्यम बिना सालैजोको ठाडी भाका, सालैजो र झ्याउरे भाका भएको उनको भनाइ छ ।

आधुनिक सञ्चारमाध्यमको विकास, पुराना पुस्ताका कलाकारबाट पुस्तान्तरण र नयाँ पुस्ताको चासो नहुँदा यस्ता गीत हराउन थालेको टीकादेवीले बताइन् । 'पहिले-पहिले गाउँघरमा धेरै काम गर्नुपर्थ्यो, मेलापात हुन्थ्यो, त्यति बेला झ्याउरे गाउने, ठाडोभाका आउने गरिन्थ्यो, ती पुराना गीतले थकाइ पनि हराउँथ्यो, रमाइलो र मनोरञ्जन दिने माध्यम बनेको थियो,' उनले भनिन्, 'तर अहिले धेरै गीत आएका छन्, हाम्रा नातीनातिनीले तिनै गीत सुन्ने गाउँने गर्छन्, तर हामीहरुले गाउँने पुराना भाका सुन्दैनन्, मन पराउँदैनन्, केही समय भयो हामी पुराना जमानाका बुढाबुढी मिलेर संरक्षण गर्नुपर्छ भनेर लागेका छौं ।' गलकोट नगरपालिका-१० की पार्वती काउचा मगरले पहिले-पहिले रोधी बस्ने र पुराना भाका गाउने गरेको भन्दै अहिले रोधी नै बस्न छाडेपछि ती भाका हराउँदै गएको बताइन् । अहिले रेडियो, टेलिभिजन तथा मोबाइलमा आउने आधुनिक, पप तथा लोकगीतले ठाडी भाका हराउन थालेको उनको भनाइ छ ।

पुराना भाका कलाकारले पनि कमै मात्रा गाउने गरेको उनको गुनासो छ । बाउआमा, बाजेबजैबाट आफूहरूले पुराना भाका गाउन सिके पनि अहिलेका पुस्ताले चासोनै नदिने काउचाले बताइन् । उति बेला गीत गाउँदागाउँदै बिहे गर्ने चलन रहेको भन्दै अहिले त्यो चलन पनि हराएको उनी बताउँछिन् । 'हाम्रो पालामा त गीत गाउँदागाउँदै मन परेको केटाकेटी भयो भने बिहे गर्ने चलन थियो, अहिले त फोन आयो, फोन गरेर भेट्ने बिहे गर्ने गर्छन्, हाम्ले गीत गाएर बिहे गरेको भन्दै अहिलेका मान्छेले अचम्म मान्छन्, जुग जमाना फेरिएपछि सबै थोक फेरिए,' उनले भनिन्, 'गाउँपालिका, नगरपालिकाले मौलिकता बोकेका पुराना भाका संरक्षणमा चासो दिनुपर्छ, उहाँहरुले सिकाउने जिम्मा हामीहरुलाई दिए, हामी नि:शुल्क सिकाउन तयार छौं ।' *-रासस*

वायु सेवा निगमका अधिकृत पक्राउ

पाल्पा, मंसिर २६/नेपाल वायु सेवा निगमका एक जना अधिकृत पक्राउ परेका छन् । भिजिट भिसामा खाडी मुलुक पठाउन नक्कली कागजात बनाउने कार्यमा सहयोग गरेको आरोपमा निगमका एक जना अधिकृत पक्राउ परेका हुन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरले अधिकृत होमनाथ पोखरेललाई पक्राउ गरेको एसपी रवीन्द्र रेग्मीले बताए । भिजिट भिसामा कामदार पठाउने गिरोहबारे अनुसन्धान गर्दै जाँदा वायु सेवा नियमका अधिकृत पोखरेलको पनि संलग्नता खुलेको एसपी रेग्मीले बताए ।

यो प्रकरणमा प्रहरीले यसअघि कन्सल्टेन्सीका सञ्चालकसहित १३ जनालाई पक्राउ गरिसकेको छ ।

मारुनी नाच संरक्षणमा...

...आफ्ना हजुरबुवा हजुरआमाहरुसित सँगै एउटै मञ्चमा सिक्दै नाँच्न पाउनु आफूहरुका लागि गौरवको कुरा भएको रोजिना रानाले बताए । हजुरबुवा, हजुरआमाहरुसित नाँच्दै गाउँदै गर्दा मारुनी र ख्यालीसम्बन्धी गाउन र नाचनसक्ने भएको उनको भनाइ थियो । यहाँ २०६८ सालदेखि पाहुना राख्न थाले पनि २०७६ सालमा विधिवत्रुपमा दर्ता गरी घरबास सञ्चालनमा आएको रोजिनाको भनाइ थियो । स्याङ्जाको वालिङ बजारबाट झण्डै सात किलोमिटरको दूरीमा पर्ने पित्लेक डाँडामा अवस्थित छ पित्लेक देउराली सामुदायिक घरबास (होमस्टे) । अधिकांश गुरुङ र केही मगर समुदायको बसोबास रहेको पित्लेक वालिङ बजारबाट सबैभन्दा नजिकको दूरीमा रहेको घरबास हो । पहाडको टाकुरामा रहेको पित्लेक सांस्कृतिक, पर्यटकीय एवं कृषिका लागि प्रचुर सम्भावना भएको गाउँ पनि हो । गुरुङ तथा मगर समुदायको पोशाकमा लामबद्ध भई गाउँमा आएका पाहुनालाई फूलमाला तथा अबिरद्वारा स्वागत गर्न त्यहाँका आमाहरुलाई भ्याइनभ्याइ हुन्छ । पाहुनाहरुलाई पारिवारिक वातावरणमा स्वागत सत्कार तथा बसोबासको व्यवस्था मिलाइने भएकाले पनि कतिपय बिदाइका क्षण नरमाइला हुने गरेको स्मरण स्थानीय ज्येष्ठ नागरिक महेश गुरुङले बताए । "देश तथा विदेशबाट आएर यहाँ बस्ने पाहुना घरपरिवारकै सदस्य जस्तै भएर बस्ने गर्नुहुन्छ", उनले भने, "बिदाइ गर्ने दिन घरकै सदस्यलाई पठाएजस्तो हुँदा नरमाइलो पनि हुनेरहेछ ।" यो घरबासमा साठी जनासम्मको आवास सुविधा रहेको छ । पहाडको टाकुरामा रहेकाले पनि यहाँबाट अन्यत्रका धेरै ठाउँसहित मनमोहक हिमदृश्य सजिलै देख्न सकिन्छ । वालिङ बजारबाट केही कालोपत्रे र केही कच्ची सडक हुँदै यहाँसम्म पुग्न सकिन्छ । यहाँसम्म पुग्ने कच्ची सडक कठिन र ग्रेडिङ नमिलेको उकालो भएकाले यसको स्तरोन्नतिका लागि स्थानीयले माग गरेका छन् ।

आयुर्वेद चिकित्सक पदमा करार पदपूर्ति गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०८/२७

प्रस्तुत विषयमा यस पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रमा कामकाज गर्ने गरी आयुर्वेद चिकित्सक पदमा खुल्ला प्रतिस्पर्धाद्वारा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले निम्न लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट माग बमोजिमको विवरण भरी रा.वा. बैंकमा राजस्व जम्मा गरी सक्कल भौचर सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त आव्हान गरिएको छ ।

तपसिल

क.सं.	विज्ञापन नं.	पद	तह	पद संख्या	कैफियत
१	०२/०८०/०८१	आयुर्वेद चिकित्सक	अधिकृत आठौ	१ (एक)	

१. आवेदन दिने तरिका :- लोकसेवा आयोगले जारी गरेको दरखास्त फाराम भरी पेश गर्नुपर्ने ।
२. आवश्यक न्यूनतम योग्यता :- लोकसेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र सम्बन्धित परिषदमा दर्ता भएको ।
३. उमेर :- कम्तिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
४. दरखास्त दिने स्थान :- पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, तानसेन ।
५. दरखास्त दिने अन्तिम मिति :- २०८०/०९/११ गते ।
६. आवेदन दस्तुर :- रु.१२००।
७. दरखास्त रकम जम्मा गर्नको लागि रा.वा. बैंकको भौचरमा निम्न विवरण भर्नुपर्ने छ ।
रा.वा. बैंकको खाता नं.१०००२०००१००००
कार्यालयको नाम :- पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, तानसेन ।
कार्यालयको कोड नं. ३७००१५००४५
राजस्व शीर्षक नं.१४२२४
८. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
९. सम्पर्क मिति :- २०८०/०९/११ गते ।
१०. परिक्षाको किसिम, मिति, समय र स्थान सम्पर्क मितिमा तोकिने छ ।
१२. तलब सुबिधा :- प्रचलित नियमानुसार ।
थप जानकारीको लागि सम्पर्क ०७५-५२०८२३, ९८५७०२०८२३

पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र
तानसेन, पाल्पा

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

तानसेन नगरपालिकाको सूचना सच्याईएको बारे सूचना

मिति : २०८०/०८/२७

मिति:२०८०/०८/२० गते नव जनचेतना राष्ट्रिय दैनिक पत्रिकामा तानसेन नगरकार्यपालिका कार्यालयको कर तथा शूल्क संकलन सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचनाको ER/05/080/081 को न्यूनतम ठेक अंक मासिक रु. ८८८०८।०० हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

खेलकुद समाचार

नेपाल भारतसँग पराजित

काठमाडौं, मंसिर २६/संयुक्त अरब इमिरेट्स (युएई)मा जारी एसिसी उन्नाइस वर्षमुनि (यु-१९)को एसिया कप क्रिकेट प्रतियोगिता अन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल भारतसँग १० विकेटले पराजित भएको छ ।

दुबईको आइसिसी एकेडेमी ओभल-२ क्रिकेट मैदानमा आज भएको खेलमा भारतसँग पराजित भएसँगै नेपाल समूह चरणबाट बाहिरिएको छ । नेपाल समूह चरणको पहिलो खेलमा पाकिस्तानसँग सात विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा अफगानिस्तानसँग ७३ रनले पराजित भएको थियो । मंगलबारको जितसँगै भारतले प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ । भारतले अफगानिस्तानलाई सात विकेटले हराएको थियो भने पाकिस्तानसँग भने आठ विकेटले पराजित भएको थियो । खेलमा नेपालले भारतलाई जितका लागि ५३ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा भारतले सात दशमलव एक ओभरमा कुनैपनि विकेट नगुमाई पूरा गऱ्यो । भारतका जितमा आर्सिन कुलकर्णीले सर्वाधिक ४३ रनको योगदान दिए । उनले ३० बल खेल्दै पाँच छक्का र एक चौका प्रहार गरे । उसका लागि आदर्श सिंहले १३ रन बनाए । त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको नेपाल २२ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ५२ रनमा समेटिएको थियो । नेपालका लागि कुनै पनि ब्याट्सम्यानले दोहोरो अंकमा रन जोड्न सकेनन् । खराब ब्याटिङ गरेको नेपालका लागि हेमन्त धामीले सर्वाधिक आठ रन जोडे । त्यस्तै दीपक बोहोराले सात, दीपेश कँडेलले चार, आकाश चन्दले अविजित चार तथा सुवास भण्डारी दुई रन बनाए । नेपाललाई सस्तैमा समेट्नेक्रममा भारतका राज लिमबानी एक्लैले सात विकेट लिए । त्यस्तै आरध्य शुक्लाले दुई विकेट लिँदा अरसिन कुलकर्नीले एक विकेट लिए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

नेप्से परिसूचकमा वृद्धि

पाल्पा, मंसिर २६/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३६ दशमलव ८६ अंकको वृद्धि देखिएको छ । मंगलबार परिसूचक एक दशमलव ८९ प्रतिशतले बढेर एक हजार नौ सय ८५ दशमलव ४४ को विन्दुमा कायम भएको हो ।

विभिन्न दुई सय ९७ कम्पनीका एक करोड २४ लाख ६३ हजार एक सय ६८ कित्ता शेयर ९५ हजार चार सय ३३ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ३० करोड ९० लाख १९ हजार एक सय ९६ बराबरको कारोबार भएको छ । सबै समूहका उपसूचकमा हरियो देखिएको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह चार दशमलव ३३ र जलविद्युत समूह तीन दशमलव ३० प्रतिशतले बढेको छ । चार कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेड, धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल रिपब्लिक मिडिया लिमिटेड र सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । अधिकांश कम्पनीको शेयर मूल्य बढ्दा २४ कम्पनीको शेयर मूल्यमा भने गिरावट देखिएको छ ।

सबैभन्दा धेरै सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव ११ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १८ करोड सात लाख ११ हजार चार सय ८८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडका चार लाख २९ हजार आठ सय २७ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई